नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ
(आन्तरिक व्यवस्थापन तथा जनशक्ति विकास शाखा )

फोन ४२००००० ४२००२८१ ४२००२९७ ४२००२९९

पत्र संख्याः- ०६९।०७०

चलानी नं.:- ३०६६

मितिः २०७०/२/१९

विषय :-स्काभेटर लगायत भारी उपकरण प्रयोग सम्बन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालयहरु सबै ७५ ।

प्रस्तुत विषयमा स्थानीय निकायहरुबाट उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुमा एस्काभेटर लगायत भारी उपकरणका प्रयोगका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. २२४९, मिति २०७०/२/१२ को पत्रबाट आयोगको मिति २०७०/२/१२ को निर्णय कार्यान्वन गर्ने वारे प्राप्त पत्रमा "तत्कालका लागि मन्त्रालयबाट बनाईएको धारणा बमोजिम नियमनकारी निकायको व्यवस्था गरी कार्यान्वयन गर्ने गराउने र प्रचलित कानूनमा संशोधन वा परिमार्जन गर्नुपर्ने भए सो समेतका लागि आवश्यक पहल गर्ने" भनि लेखी आएकाले देहाय अनुसार हुन नेपाल सरकार (सचिव स्तर)को मिति २०७०/२/१९ को निर्णयानुसार अनुरोध गरिन्छ ।

क) स्थानीय स्तरमा स्थानीय निकायबाट हुने भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भारको सिलसिलामा योजनाको सर्भे डिजाइन गरी सो योजनाको लागि स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २८ को प्रावधान बमोजिम मोटामोटी रुपमा कुन कुन काम (Iteam) मा मेशिन उपकरणको प्रयोग गर्ने भन्ने बारेमा एकिन गर्न देहाय बमोजिमको प्राविधिक समिति (Technical Committee) गठन गर्ने ।

१. जिल्ला प्राविधिक कार्यालयको प्रमुख-संयोजक
२. जिल्ला विकास समितिको योजना अनुगमन तथा प्रशासकीय अधिकृत*-सदस्य
३. जिल्ला विकास समितिको उर्जा तथा वातावरण शाखा/इकाई प्रमुख- सदस्य
४. सम्बन्धित योजनाका साइट इन्चार्ज-सदस्यसचिव

* नोट : योजना अधिकृत तथा प्रशासकीय अधिकृत नभएको अवस्थामा स्थानिय विकास अधिकारीले तोकेको अधिकृत ।

ख) खण्ड (क) बमोजिमको प्राविधिक समितिले एकिन गरेका कामको लगत इष्टिमेट र अन्य कामको लगत इष्टिमेट छुटाउन मिल्ने गरी प्रचलित नर्मस अनुसार तयार पारी सम्बन्धित योजनाको लगत इष्टिमेटलाई अन्तिम रुप दिने कार्य जिल्ला प्राविधिक कार्यालयका प्रमुखले गर्ने । सो को स्वीकृति गर्ने कार्य प्रचलित कानूनले तोके अनुसार गर्ने ।

ग) मेशिन उपकरणको प्रयोग हुने गरी लगत इष्टिमेट तयार भै कार्यान्वयन भै रहेका योजनाहरुको कम्तिमा इन्जीनियर तहबाट योजनास्थल निरीक्षण गरी त्यस्ता मेशिन उपकरणको प्रयोगलाई निर्धारित क्रियाकलापमा सिमित गर्ने व्यवस्था जिल्ला प्राविधिक कार्यालयले गर्ने । सो आधारमा समयमै सुधारात्मक उपाय अवलम्बन गर्दै जाने ।

घ) स्थानीय स्तरमा स्थानीय निकायबाट उपभोक्ता वा निर्माण व्यवसायी मार्फत निर्माण वा मर्मत सम्भार भै रहेका पूर्वाधार विकासका कार्यहरुलाई दिगो, गुणस्तरीय र वातावरण मैत्री बनाउने कार्यमा नियमन गर्न स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागले आवश्यकता अनुसारको संख्यामा प्राविधिक जाँच समूह (Technical Inspection Team) बनाई एक आर्थिक वर्षमा कम्तिमा एक पटक सो समूह ७५ वटै जिल्लामा पुग्ने व्यवस्था गरी प्राविधिक अनुगमनलाई प्रभावकारी बनाउने ।

ङ) मन्त्रालयले नियमित रुपमा आयोजना गर्ने समिक्षा बैठकमा प्राविधिक पक्षको छुट्टै प्रतिवेदन तयार पारी समीक्षा गर्ने र सुधारका उपाय अवलम्बन गर्दै जाने ।

च) नगरपालिकाका हकमा कार्यकारी अधिकृतको संयोजकत्वमा न.पा. ईन्जिनीयर तथा वातावरण वा सामाजिक शाखा प्रमुख सदस्य रहेको प्राविधिक समिति गठन गरी उपरोक्तानुसारको कामकाज गर्ने ।

२०७०।२।१९
(अनिल पौडेल)
शा.अ.
शाखा अधिकृत

**बोधार्थः**

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाण्डौ ।

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सबै महाशाखाहरु ।

**बोधार्थ तथा कार्यार्थ :**

श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) पुल्चोक ललितपुर ।

श्री सबै (महा/उप ) नगरपालिकाहरु ५८ ।